# नेपाली कांग्रेस काठमाडौँ

# VIS10N

## नेपाली कांग्रेसका उम्मेदवारहरूको काठमाडौँ उपत्यका विकास प्रतिज्ञा पत्र

**सम्पदा, संस्कृति र अत्याधुनिक पूर्वाधारको संगम: सुरक्षित, स्वच्छ, समृद्ध र सुशासित काठमाडौँ उपत्यका मेट्रो सिटी !**

**हामी, नेपाली कांग्रेसका संघीय राजधानी काठमाडौँ उपत्यका अन्तर्गतका काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाका प्रतिनिधिसभा सदस्य उम्मेदवारहरू आआफ्ना निर्वाचन क्षेत्रका विकास कार्यका साथै उपत्यकाको सर्वाङ्गीण विकासका लागि देहायबमोजिमका सुधारका कार्यहरू गर्दै, वासयोग्य काठमाडौँ (Livable Kathmandu) निर्माण गर्ने सामूहिक प्रतिबद्धता व्यक्त गर्दै यस लक्ष्य प्राप्तिका लागि नेपाली कांग्रेसलाई मत दिएर विजयी गराइदिनुहुन सम्पूर्ण उपत्यकावासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइसमक्ष हार्दिक अनुरोध गर्दछौं।**

1 काठमाडौँ, ललितपुर र भक्तपुरलाई एउटै सहरको रूपमा लिई स्थान विशेषका मौलिक विशिष्टतालाई समेत ध्यान दिँदै एकीकृत सहरी विकास योजना तर्जुमा गरी कार्यान्वयन गरेर नेपालको संघीय राजधानी काठमाडौँ उपत्यकालाई विश्वको एक सफा, सुन्दर, विकसित, आधुनिक, सुशासित एवं जीवन्त सहरका रूपमा विकास गरिने छ। उपत्यकाको बहन क्षमता (Carrying Capacity) बमोजिम सहरको व्यवस्थापन गर्दै लगिने छ। बृहत्तर संघीय राजधानी पुनर्संरचना योजना कार्यान्वयन गर्न काठमाडौँ उपत्यका विकास प्राधिकरण (KVDA) लाई थप सुदृढ एवं सक्षम बनाइने छ।

2 उपत्यकाको सडक-यातायातलाई सहज, व्यवस्थित र अनुमानयोग्य बनाउन एकीकृत सहरी यातायात र स्मार्ट मोबिलिटी नीति (Integrated Urban Mobility Policy) अवलम्बन गरिने छ । Mass Transport सहितको सडक पूर्वाधार निर्माण तथा यातायात व्यवस्थापन गर्दा पैदल यात्री, साइकल यात्री तथा सबै नागरिकको आवश्यकतालाई विशेष ध्यान दिँदै उपत्यकालाई वाकेबल (Walkable) सिटीको रूपमा विकास गरिने छ।

3 उपत्यका भित्रको बढ्दो प्रदूषण (ध्वनी, वायु, जल, माटो, प्रकाश आदि) नियन्त्रणका लागि एकीकृत मापदण्ड तयार पारी त्यसको प्रभावकारी कार्यान्वयन गर्दै लगिने छ । साथै, उपत्यकाका सार्वजनिक तथा पुरातात्विक स्थलहरू; पार्क, बगैंचा, खेलमैदान, पोखरी, मठमन्दिर, सत्तल, हिटी, चोक, चौतारी आदी जस्ता सार्वजनिक सम्पत्तिहरूको संरक्षण तथा व्यवस्थापनको लागि एकीकृत योजना बनाइ कार्यान्वयनमा ल्याइनेछ।

4 उपत्यकाका नदीहरूको संरक्षण, शुद्धीकरण र सौन्दर्यीकरणको एकीकृत योजना कार्यान्वयनमा ल्याई नदी-जीवन (River Eco–system) पुनर्स्थापना गर्दै जलवायु अनुकूलन विकासको नीति लिइने छ। नदी केन्द्रित सांस्कृतिक, धार्मिक एवं मनोरञ्जनात्मक पर्यटकीय योजना तथा कार्यक्रमको प्रबर्द्धन गर्दै लगिने छ। उपत्यका वरिपरिका राष्ट्रिय निकुञ्ज, सार्वजनिक वन, सार्वजनिक जग्गा तथा पार्कहरूलाई उचित व्यवस्थापन गरी पर्यावरणीय संरक्षण, खेल मैदान र स्वस्थ एवं आरोग्य जीवनशैलीका लागि उचित योजना बनाई कार्यान्वयन गरिनेछ।

5 उपत्यकाभित्र कुनै पनि समय सहज र सुरक्षित रूपमा हिँडडुल गर्न तथा व्यापार व्यवसायमा संलग्न हुन मद्दत पुग्ने गरी शान्ति सुरक्षा तथा अन्य सहायताको प्रबन्ध मिलाई २४ सै घण्टा सहर खुला रहने वातावरण तयार गरी उपत्यकाको आर्थिक अवस्था सुदृढ बनाउँदै लगिने छ। उपत्यकावासीको उपभोग आवश्यकता बमोजिमका वस्तु तथा सेवाको आपूर्ति शृङ्खला सहज बनाइने छ।

6 उपत्यकाका ऐतिहासिक मूर्त तथा अमूर्त सम्पदाहरूको पहिचान, संरक्षण तथा संवर्द्धन गरी यसको जीवन्तता एवं सुन्दरता कायम राख्न उपत्यकास्तरीय सम्पदा संरक्षण गुरुयोजना बनाई कार्यान्वयन गरिने छ। उपत्यकाकाभित्रका विश्व सम्पदा सूचीमा सूचीकृत हुन बाँकी सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गरिने छ।

7 उपत्यकाको एकीकृत भू-उपयोग नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ। उपत्यकाको बसोबास व्यवस्थित र सुन्दर बनाउनका लागि उपयुक्त सहरी पूर्वाधार: भवन संहिता, ढल निकास, सरसफाइ व्यवस्थापन, हरियाली प्रबर्धन, उर्जा तथा प्रकाश व्यवस्थापन, सञ्चार प्रबन्ध, खानेपानी आपूर्ति, सार्वजनिक स्थलको व्यवस्थापनसहितको उपत्यका पुनरुत्थान गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइने छ। विपत् व्यवस्थापनका लागि पूर्व चेतावनी सहितको Valley Unified Disaster Command सञ्चालनमा ल्याइने छ।

8 शिक्षा क्षेत्रलाई समयसापेक्ष, प्रविधिमैत्री र व्यवहारिक बनाउन आवश्यक सुधार गरी शिक्षाको गुणस्तरलाई अन्तर्राष्ट्रियस्तरको बनाउँदै सबै नागरिकको गुणस्तरीय शिक्षामा सहज पहुँच सुनिश्चित गरिने छ। स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय एवं प्रविधिमैत्री बनाई समग्र स्वास्थ्य प्रणालीलाई विश्वस्तरीय बनाउदैं लगिने छ।

9 बढ्दो बेरोजगारी, गरिबी र असमानता घटाउन रोजगारीका अवसर सिर्जना गर्ने, युवा लक्षित रोजगारी तथा डिजिटल प्रविधि एवं आइटीसँग जोडिएका उद्यमका विशेष कार्यक्रमहरू सञ्चालन गर्ने, सामाजिक सुरक्षाका प्याकेजमार्फत गरिबी निवारण तथा विद्यमान असमानता कम गरी उपत्यकावासीको जीवन सहज बनाउने, सुकुम्बासी र अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने गरी विशेष योजना कार्यान्वयनमा ल्याइने छ।

10 उपत्यकाको खानेपानी समस्याको दिगो समाधान गर्न कम्तीमा आगामी ५० वर्षको जनसङ्ख्यालाई ध्यानमा राखेर बृहत्तर योजना निर्माण गरिने छ। साथै, भूमिगत जलसतह निरन्तर घटिरहेको अवस्थालाई सम्बोधन गर्ने गरी वर्षा जलभण्डारण तथा जलपुनर्भरण योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ।

| | | | | |
|---|---|---|---|---|
| काठमाडौँ क्षेत्र नं. १.<br>प्रबल थापा | काठमाडौँ क्षेत्र नं. २.<br>कबिर शर्मा | काठमाडौँ क्षेत्र नं. ३.<br>रमेश अर्याल | काठमाडौँ क्षेत्र नं. ४.<br>सचिन तिमल्सिना | काठमाडौँ क्षेत्र नं. ५.<br>प्रदीप पौडेल |
| काठमाडौँ क्षेत्र नं. ६.<br>कृष्णसबुज बानियाँ | काठमाडौँ क्षेत्र नं. ७.<br>प्रमोद हरि गुरागाईं | काठमाडौँ क्षेत्र नं. ८.<br>सपना राजभण्डारी | काठमाडौँ क्षेत्र नं. ९.<br>नानु बास्तोला | काठमाडौँ क्षेत्र नं. १०.<br>हिमाल कार्की |
| भक्तपुर क्षेत्र नं. १.<br>किरण न्यौपाने | भक्तपुर क्षेत्र नं. २.<br>कबिर राणा | ललितपुर क्षेत्र नं. १.<br>उदय शमशेर राणा | ललितपुर क्षेत्र नं. २.<br>प्रेम कृष्ण महर्जन | ललितपुर क्षेत्र नं. ३.<br>जितेन्द्र कुमार श्रेष्ठ |

**बदलियो कांग्रेस, बदल्छौं देश !**